रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तम्घास, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

पत्र सं- Dis.No-०८१-८२
च.नं Ref.No

फोन नं. ०७९-५२०१५०
: ५२०४५७

## रेसुङ्गा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ मा संशोधन गरिएको सूचना

प्रस्तावनाः

रेसुङ्गा नगरपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन यस नगरपालिकाको लागि नेपाल सरकारले स्वीकृत गरेको कर्मचारी दरवन्दिको अधिनमा रही वा निश्चित परियोजना वा कार्यक्रमको लागि सिर्जना भएको दरवन्दीमा प्राविधिक वा अप्राविधिक कर्मचारीको रिक्त पदमा सेवा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि रेसुङ्गा नगर कार्यपालिकाले मिति २०७५/०४/०२ मा यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ मा संशोधनः** यस कार्यविधिको नाम रेसुङ्गा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" सट्टामा देहाय अनुसार रहेको छः

*यस कार्यविधिको नाम रेसुङ्गा नगरपालिकामा सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।*

२. **परिभाषामा संशोधनः** दफा २ को (च) मा अन्तर्वार्ता तथा सूचिकरण समितिको सट्टा *पदपूर्ती समिति* राखिएको छ।

दफा २ मा बुँदा (छ) थप गरिएको छ।

*"अप्राविधिक कर्मचारी" भन्नाले निश्चित परियोजना वा कार्यक्रमका लागि आवश्यक पर्ने प्रशासनिक कार्य गर्ने कर्मचारीको सेवा उपलब्ध गराउन व्यवस्था भएका कर्मचारी सम्झनु पर्दछ ।*

३. **कार्यविधि लागू हुने क्षेत्र र सेवामा संशोधनः** दफा ३ को उपदफा २ मा देहाय अनुसार सेवा संशोधन गरिएको छ।

*(छ) अन्य कुनै प्राविधिक सेवा वा अप्राविधिक सेवासँग सम्बन्धित।*

दफा ३ मा उपदफा (३) देहाय अनुसार थप गरिएकोः

*(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि निश्चित परियोजना वा कार्यक्रमका लागि पदपूर्ती गर्नुपर्ने सेवाको प्रकार सम्बन्धित परियोजना वा कार्यक्रमले निर्दिष्ट गरे बमोजिम हुनेछ।*

५. **अन्तर्वार्ता र सूचिकरण समिति संशोधनः** अन्तर्वार्ता र सूचिकरण शब्दको सट्टा *पदपूर्ती समिति* राखिएको छ। उक्त समिति देहाय अनुसार संशोधन गरिएको छ।

| | |
|---|---|
| *(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी* | *(संयोजक)* |
| *(ख) सूचना प्रविधि अधिकृत* | *(सदस्य)* |
| *(ग) प्रशासन शाखा प्रमुख* | *(सदस्य सचिव)* |

६. **अनुसूची -२ मा उमेरहद संशोधनः** अनुसूची -२ को शैक्षिक योग्यता, उमेरहद र अनुभवमा देहाय अनुसार थप गरिएको छ। *तर निश्चित परियोजना वा कार्यक्रमका लागि पदपूर्ती गर्नुपर्ने सेवाको हकमा सम्बन्धित परियोजना वा कार्यक्रमले स्पष्ट नखुलेको अवस्थामा महिला र पुरुष दुवैको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने।*

७. **केही शब्दहरुमा संशोधनः**

*करार शब्दको सट्टाः सेवा करार राखिएको छ।*
*प्रदेश नं. ५ को सट्टाः लुम्बिनी राखिएको छ।*

प्रमुख प्रशासकीय अधिकृत

website: www.resungamun.gov.np
email: resungamungulmi@gmail.com
email : info@resungamun.gov.np
ito@resungamun.gov.np